Email: gaidahawagaupalika@gmail.com
Website: gaidahawamun.gov.np

# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा-२, विष्णुपुरा, रुपन्देही

प.स.०७६/०७७ मिति :२०७७/०२/०६

च.नं. १६९२

## सूचना तथा जानकारी

प्रस्तुत विषयमा यस गैंडहवा गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७७/०१/०४ गते बसेको बैठकको निर्णय अनुसार यस गैंडहवा गाउँपालिका भित्र औषधि पसल तथा भेटेनरी पसल पूर्ण रुपमा खुला रहने र त्यस बाहेक खाद्यान्न तथा किराना पसलहरु बिहान ६:०० बजे देखि ११:०० सम्म र तरकारी पसलहरु विहान ८:०० देखि दिउँसो ४:०० सम्म मात्र संचालन गर्ने र तपसीलका निर्णयहरु कार्यान्वयन गर्न गराउन सबैमा जानकारीका लागि अनुरोध छ । साथै वाणिज्य विभागबाट जारी भएको सवारी पास सम्बन्धी सूचना र गृह मन्त्रालयको प्रेस विज्ञप्ती समेत यसै साथ संलग्न गरिएको छ सो अनुसार कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ ।

तपसील :

- यस गाउँपालिका भित्र बाहिरबाट व्यक्तिहरुको आवगमन निषेध गर्ने, र विदेशबाट आउन पुगेका व्यक्तिहरुको विवरण स्वास्थ्य शाखामा जानकारी गराई तिनीहरुलाई क्वारेन्टाईनमा व्यवस्थापन गर्ने ।
- गैंडहवा गाउँपालिका भित्र एवम् टोल टोलमा आवतजावत गर्न नपाउने ।
- गाउँपालिका भित्र विभिन्न धार्मिक गुरुहरुलाई मठ, मन्दिर, मस्जिद, चर्च, चैत्य र गुम्बामा धार्मिक पुजा गर्न नपाउने ।

वोधार्थ

१ श्री सबै वडा कार्यालयहरु - कार्यान्वयन गर्नु गराउनुहन ।

२ श्री ईलाका प्रहरी कार्यालय सुर्यपुरा ।

३ श्री शसस्त्र प्रहरी बेस क्यम्प लोण्डिहवा ।

चिरन्जिवि घिमिरे
प्र.प्र.अधिकृत

# वाणिज्य विभागबाट सवारी पास आवश्यक नपर्ने सम्बन्धी सूचना

एम्बुलेन्स, शव वाहन, औषधी तथा औषधीजन्य सामाग्रीहरु, सबै प्रकारका औद्योगिक कच्चा पदार्थ र तयारी मालवस्तु, पेट्रोलियम पदार्थ, ग्याँस, सबै प्रकारका खाद्य वस्तु ,पशुपंक्षीजन्य आहार, खशी बोका, राँगा, कुखुरा, माछा, तरकारी, फलफूल, दुध तथा दुग्धजन्य पदार्थ, निर्माण सामाग्री वोकेका सवारी साधनहरुलाई सवारी पास आवश्यक नपर्ने व्यहोरा सूचित गरिन्छ।

साथै घरदैलो सेवा तथा अनलाइन सर्भिसका माध्यमवाट खाद्य पदार्थ, तयारी खाद्यवस्तु तथा स्टेशनरी लगायतका सामानहरु उपभोक्ताको घर दैलोमा पुर्याउने व्यावसायीले दुईपाङ्ग्रे सवारी साधन प्रयोग गरेको अवस्थामा खाद्य वस्तुको नाम सहित क्रेट राख्ने र सवारी साधनको पछाडि अर्को व्यक्ति नराख्ने प्रवन्ध गरी सेवा प्रवाह गर्नुपर्नेछ ।

२०७७।१।२८

रविन्द्र आचार्य
निर्देशक

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

कोभिड-१९ को संक्रमणको जोखिमबाट बच्नको लागि नेपाल सरकारको निर्णय बमोजिम मिति २०७६/१२/११ गतेदेखि लागु भई हालसम्म कार्यान्वयनमा नै रहेको बन्दाबन्दी (Lockdown) को अवस्थामा पनि पछिल्ला केही दिनहरुमा यसको संक्रमण बढ्दो रुपमा रहेको तथ्याङ्कबाट देखिएको छ । यसबाट सुरक्षित रहनको लागि सबैले आफ्नो आफ्नो क्षेत्रबाट स्वास्थ्य सम्बन्धी सुरक्षा सर्तकता अपनाउनु आवश्यक पनि हुन्छ । यस कठिन क्षणमा पनि सुरक्षा सर्तकताको नाममा अग्रपंक्तिमा रही अहोरात्र तोकिएका कार्यमा खटिरहेका स्वास्थ्यकर्मीहरुलाई घरबाट निकाल्ने, विभिन्न किसिमका दबाब दिने, आवागमनका क्रममा दुर्व्यवहार गर्ने, कानून विपरितका कार्यहरु गरी निजहरुको मनोबल गिराउने, स्थानीय केही व्यक्तिहरुबाट स्वास्थ्य सुरक्षा सर्तकताको नाममा बाटो बन्द गर्ने, टोल प्रवेशमा निषेध गर्ने, आवागमनमा पनि बाधा पुऱ्याउने, घरभाडामा बसीरहेका व्यक्तिहरुलाई विना कारण निकाल्ने लगायतका अत्यन्त अमानवीय कार्यहरु भैरहेको प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । विश्वव्यापी महामारीका विरुद्ध लड्नको लागि हामी सबैले सामुहिक प्रयास गर्नुपर्नेमा एक आपसमा नै निषेधको बाटो अपनाउनु निश्चय पनि राम्रो होईन । नेपाल सरकारको निर्णयले संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी गरेको यस आदेशको कार्यान्वयन गर्न नेपाल सरकारले नेपाल राज्यका सबै प्रमुख जिल्ला अधिकारीहरुलाई मुकरर गरेको र जारी आदेशको अपहेलना गर्ने वा काममा बाधा पुऱ्याउने जुनसुकै व्यक्तिलाई पनि सोही कानून बमोजिम सजांय हुने प्रावधान समेत रहेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी नै छ । यस पृष्ठभूमिमा उपरोक्त किसिमका कुनै पनि अवाञ्छित गतिविधिहरु कुनैपनि निकाय वा व्यक्तिहरुबाट नगर्नु नगराउनु हुन गृह मन्त्रालय सम्बन्धित सबैलाई हार्दिक अनुरोध गर्दछ । मन्त्रालयको अनुरोधको बेवास्ता वा अटेरी गरी अवाञ्छित क्रियाकलापमा संलग्न कुनैपनि व्यक्तिहरुलाई प्रचलित कानून बमोजिम हदैसम्मको सजांय हुने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

मितिः २०७७।०२।०४

2077/2/4

केदारनाथ शर्मा
सहसचिव/प्रवक्ता